निर्णयहरु

१. स्थलरुप नक्सा अध्यावधिक सम्बन्धमा ।

**निर्णय** :उल्लेखित कार्यको लागि नापी विभागबाट खटिनु भएका कर्मचारीहरुलाई आवश्यक सहयोग, समन्वय र सहजिकरण गर्ने ।

२. राष्ट्रिय परिचयपत्रको विवरण संकलन गर्ने कार्यमा खटिएका कर्मचारीहरु खाना, खाजा, बास खर्च भुक्तानी सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा मिति२०७८/१०/०४मा गाउँपालिका अध्यक्ष महेन्द्रप्रसाद यादव, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, उपाध्यक्ष पुनमकुमारी मेहता, सहायक प्रमुख जिल्ला अधिकारी महेश पोखेल समेतको उपस्थितिमा बसेको राष्ट्रिय परिचय पत्र रुजु अधिकारीको तालिम तथा अन्तरक्रिया कार्यक्रमको वैठकको निर्णय नं ४ मा निर्णय भए बमोजिम यसै साथ संलग्न सूची बमोजिमको खर्च भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई निर्देशन दिने ।

३. गउँ कार्यपालिकाको भवन निर्माण भेरिएसन गर्ने सम्बन्धमा ।

**निर्णय** :गाउँ कार्यपालिकाको भौतिक पूर्वाधार तथा वातावरण शाखाबाट पेश भएबमोजिमको भेरिएसन स्विकृत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने ।

| ठेक्काको नाम | Variation सम्बन्धि विवरण | कैफियत |
|---|---|---|
| BNRM/Works/BLDG/NCB /05/2077/2078 Construction of the Office Building of Bhokraha Narsingh Rural Municipality | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम २५ प्रतिशतको सीमा भित्र रही भेरिएसन आदेश स्विकृत गर्ने | खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएकोले |

४. Construction of RCC Box culvert ward no 2 को म्याादथप गर्ने सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२० को उपनियम ६ बमोजिम शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी नहुने गरी सोही नियमावलीको १२१(क) बमोजिमको क्षतीपूर्ती भराइ म्याद थप गर्ने व्यवस्था रहेकोले निर्माण कार्य शुरु गरेपश्चात म्याद थपको प्रक्रिया आगाडी बढाउन भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखालाई निर्देशन गर्ने ।

५. सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएको समस्याका सम्बन्धमा ।

**निर्णय** :कार्यालयको च.नं. ८१३ मिति २०७८/१०/२३ को पत्रबाट सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा देखिएको त्रुटी सुधार गर्नको लागि कार्यालयको MIS Oparetor खुश्बुकुमारी साह र फिल्ड सहायक रन्जनाकुमारी साहलाई स्थलगत अनुगमन, निरीक्षण, छानबिन गर्न खटाइए बमोजिम निजहरु खटिगइ सो सम्बन्धी प्रतिवेदन (दर्ता नं ६४१

मिति २०७८/१२/१०) कार्यालयमा पेश भइ सकको छ । उक्त सम्बन्धमा यस कार्यालयको MIS Oparetor खुश्बुकुमारी साह र रन्जनाकुमारी साहले उल्लेखित त्रुटीजन्य विवरण सुधार गरी निजहरुले जारी गरेको कुपन अनुसार मात्र सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको खातामा निकासा गरिदिने व्यवस्थामिलाउने ।

६. सडक बोर्ड नेपालबाट प्राप्त बजेट कार्यान्वयन सम्बन्धमा ।
**निर्णय :** सडक बोर्ड नेपालको चनं ९५० मिति २०७८।११।११ को पत्रबाट बजेट स्विकृत भए बमोजिमभौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखाबाट पेश भएको निम्नानुसारको सडक मर्मत गर्ने गरी लागत अनुमान स्विकृत गरी सम्बन्धित निकायमा लेखी पठाउने ।

| सडकको नाम | लम्बाइ | सडकको हालको अवस्था | कैफियत |
|---|---|---|---|
| रामदेव ठाकुरको घरदेखि दक्षिण हनुमानी चोक सम्म | करिब ९०० मिटर | ग्राभेल | वडा नं ५ र ७ |
| भागवत यादवको घरदेखि पश्चिम पिपलचोक सम्म | करिब ६०० मिटर | ग्राभेल | वडा नं ७ |
| शिवनारायण उराँवको घरको आगाडी बरगाछीदेखि पूर्व राजाजीथान सम्म | करिब ४०० मिटर | ग्राभेल | वडा नं ७ |
| उतिमचन्द मण्डल घरदेखि पश्चिम रामजानकी मन्दिर सम्म | करिब १०० मिटर | ग्राभेल | वडा नं ५ |
| बसन्तपुर प्रहरीचौकी आगाडीदेखि उत्तर कबरिस्तानसम्म | करिब ७०० मिटर | धुलो मैलो ग्राभेल नभएको | वडा नं ८ |

७. वडा सचिव व्यवस्थापन सम्बन्धमा ।
**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा प्रत्येक वडामा वडासचिवको व्यवस्था हुने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

८. बेरुजु फस्योँट सम्बन्धमा ।
**निर्णय :**कार्यालय स्थापना देखि हालसम्मको बेरुजु फस्योँट गर्ने व्यवस्था मिलाउने ।

९. जिन्सी निरीक्षण गरी अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा ।
**निर्णय :** प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णयबाट गठन भएको जिन्सी निरीक्षण समितिको प्रतिवेदन कार्यालयमा दर्ता गरी जिन्सी अभिलेख व्यवस्थापन गर्ने ।

१०. उद्यम विकास कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण गर्दा लागत साझेदारी गर्ने सम्बन्धमा ।
**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा सम्बन्धित वडाको संचालन खर्चबाट खर्च लेख्ने गरी उद्यमीहरुको तर्फबाट लागत साझेदारी गर्ने ।

११. भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धमा ।

**निर्णय** :भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०७८ को दफा ८(१) बमोजिम राष्ट्रिय भूमि आयोगले मिति २०७८/११/२६ मा प्रकाशन गरेको सार्वजनिक सूचनाको सम्बन्धमा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासको व्यवस्थापन गर्ने प्रयोजनका लागि आयोगले तोके बमोजिमको ढाँचामा वडा कार्यालयबाट लगत संकलन गरी निवेदन फारम भरी आयोगले तोकेको म्याद भित्र पेश गर्ने व्यवस्था मिलाउने ।

१२. आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय** : देहाय बमोजिमको व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने ।

| क्र.सं. | आर्थिक सहायता पाउनेको नाम | ठेगाना | कारण | उपलब्ध हुने आर्थिक सहायता रु |
|---|---|---|---|---|
| १ | रामप्रसाद महतो | भोक्रहानरसिंह-१ | वैदेशिक रोजगारीमा गएको छोराको मृत्यू भइ आर्थिक समस्या भएको छोराको श्रीमति र दुइ जना छोरीहरुलाई लालनपालनमा आर्थिक आभाव भएको । | २५००० |
| २ | रामनवमी मेला व्यवस्थापन समिति | भोक्रहानरसिंह-७ | आवश्यक बील भरपाइ पेश भएपछि आर्थिक सहयोग उपलब्ध गराउने | २०००० |
| ३ | हरिकुमार मेहता | भोक्राहानरसिंह-१ | मिति २०७८।१२।०१ मा राती १०:०० वजे जंगली हातीले मकैबाली नष्ट गरेको । | १०००० |
| ४ | भोक्राहा नरसिंह भलिबल समूह | भोक्राहानरसिंह | फुलबारी क्रिकेट क्लब इनरुवार को आयोजनामा भएको भलिबल प्रतियोगितामा पालिकाको तर्फबाट सहभागी हुन गएकोले | १०००० |
| ५ | नदाफ मन्सुरी | भोक्राहानरसिंह-२ | फुटबल खेलका क्रममा घाइते भएकोले | २५००० |
| ६ | महम्मद मन्सुरी | भोक्राहानरसिंह-८ | दुर्घटनामा परी घाइते भएकोले | २१००० |
| ७ | गाउँपालिका कर्मचारी लालु उराँवको घरमा खाद्यान्न सामाग्री वितरण | | | बील भरपाइ बमोजिम |
| ८ | गाउँपालिका कर्मचारी निर्मला उराँवको घरमा खाद्यान्न सामाग्री वितरण | | | |

१३. सुझाव कार्यान्वयन सम्बन्धमा ।

**निर्णय** :अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं. २६६३३ मिति २०७८।१२।०९ को पत्रबाट लेखि आए बमोजिमको उजुरीको सम्बन्धमा छानबिन गर्न देहाय बमोजिमको समिति गठन गर्ने । उक्त समितिले १५ दिन भित्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने । प्रमुख प्रशसाकीय अधिकृतले प्रतिवेदनको अध्ययन गरी आवश्यक कारबाही गर्ने ।

| क्रसं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | बसन्त प्रभा खनाल | अधिकृत स्तर छैटौं प्रशासन | संयोजक |
| २ | विज्ञान वन्जारा | आन्तरिक लेखा परीक्षक | सदस्य |
| ३ | संजय मेहता | लेखापाल | सदस्य सचिव |

१४. सहकारी दिवस मनाउने सम्बन्धमा ।

**निर्णय** :जिल्ला सहकारी संघ सुनसरी इनरुवाको च.नं. १६८ मिति २०७८।१२।१० को पत्रबाट लेखि आए बमोजिम गाउँपालिका क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई दिप प्रज्जवलन, सरसफाइ लागायतको काम गरी सहकारी दिवस मनाउन पत्राचार गर्ने ।

१५. शाखाबाट सम्पादन हुने योजना कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी वनाउने सम्बन्धमा ।

**निर्णय** :कृषी विकास शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा लागायतको शाखाबाट चालु आ.ब.मा कार्यान्वय हुने योजना तथा कार्यक्रमको प्रगतिको अवस्था एकदमै कमजोर रहेको देखिन आएकोले सो सम्बन्धमा समिक्षा गरीसुधारको लागि आवश्यक पहल गर्न, जिम्मेवारी हेरफेर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

१६. निर्माण कार्यमा सहजिकरण सम्बन्धमा ।

**निर्णय** :पूर्वाधार विकास कार्यालय प्रदेश नं-१ बिराटनगरको चनं ११५५ मिति २०७८।१२।०८ बाट लेखि आए बमोजिम भोक्राहा गाउँपालिका ढोक बजार सडक मा साइट क्लियरेन्स गराउन आवश्यक साहजिकरण गर्ने व्यवस्था मिलाउने ।

१७. बेमौसमी बर्षाबाट धानबालीमा क्षती भएको बिबरण संकलन गरी सिफारिश गरी पठाउने सम्बन्धमा ।

**निर्णय** :संवत् २०७८/०६/३१ देखि कात्तिक ५ गते सम्ममा नेपालको विभिन्न भागमा परेको बेमौसमी

बर्षाबाट धानबालीमा क्षती भएको सम्बन्धमा बेमौसमी बर्षाको कारण धानबालीमा क्षती पुगेको किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८ बमोजिम वडा कार्यालयहरुले आवेदन संकलन

गरेको, उक्त आवेदनका सम्बन्धमा दाबीबिरोधका लागि स्थानीय पत्रिका, वेभसाइट, फेसबुक, सूचनापाटीमा सार्वजनिक सूचना प्रकाशन हुँदा कुनै पनि किसिमको दाबीबिरोध पर्न नआएको भनी ८ वटै वडा कार्यालयहरुबाट लेखि आएको, ८ वटै वडा कार्यालयहरुले पेश भएका निवेदन उपर वडा समितिमा छलफल, छानबिन, स्थलगत निरीक्षण गरी उक्त विवरणहरु सम्बन्धित निकायमा लेखि पठाउन वडा समितिको निर्णय सहित सिफारिस गरी पठाएको, जिल्ला प्रहरी कार्यालय सुनसरीको च.नं. १९५६ मिति २०७८/१२/११ को पत्रबाट जिल्ला प्रहरी कार्यालय सुनसरीबाट सो सम्बन्धी

लगत

संकलन नभएको भनी खुली आएको हुँदा ८ वटै वडा कार्यालयहरुले पेश भएका देहाय बमोजिमको विवरणलाई स्विकृत गर्ने । उक्त बिबरण छिटो भन्दा छिटो सम्बन्धित निकायमा पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१८. सडक दुर्घटना न्यूनिकरण गर्ने सम्बन्धमा ।

**निर्णय** :यस गाउँपालिका क्षेत्र भित्र पर्ने पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा सडक दुर्घटनाको जोखिम बढेकोले सो सम्बन्धी जनचेतनामूलक सामाग्रीहरु राख्ने व्यवस्था मिलाउने सडक दुर्घटना न्युनिकरण गर्नको लागि आवश्यक पहल गरिदिन सम्बन्धित निकायमा लेखी पठाउने ।

१९. प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना तर्फको पकेट विकास कार्यक्रम संचालन सम्बन्धमा ।

**निर्णय** :प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई सुनसरीको च.नं. १४२ मिति २०७८।१२।१० को पत्रबाट परियोजना कार्यान्वयन म्यानुअल, २०७५ को दफा ४.१.५ बमोजिम बढीमा २ बर्ष मात्र संचालन गर्नु पर्ने गरी निरन्तरता दिन सकिने ब्यहोरा लेखि आएको र यस कार्यालयबाट मिति २०७८।१२।०६ मा प्रकाशित पकेट विकास कार्यक्रममा सहभागी सम्बन्धी सूचना प्रकाशन भए बमोजिमको योग्यता अनुसारको आवेदन दर्ता हुन नआएकोले उक्त वजेट कार्यान्वयनका सम्बन्धमा थप प्रक्रिया आगाडी वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

२०. निर्वाचन अधिकृतको कार्यालय व्यवस्थापन गर्ने सम्बन्धमा ।

**निर्णय** :उक्त सम्बन्धमा छलफल गर्दा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानमा शौचालय खानेपानी, सरसफाइ, सिसिक्यामरा, विजुली, इन्टरनेट, फर्निचर लगायतको व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

२१. मेडिया हाउस स्थापना गर्ने सम्बन्धमा ।

**निर्णय** :उक्त सम्बन्धमा छलफल गर्दा मेडिया सेन्टर स्थापना गर्नको लागि देहाय बमोजिमको संस्था आवश्यक सहयोग गर्ने ।

| संस्थाको नाम | प्रयोजन | उपलब्ध रकम |
|---|---|---|
| द आवर न्युज अनलाइन | मेडिया सेन्टर स्थापन गर्नको लागि आवश्यक फर्निचर कम्प्युटर लगायतको सामाग्री उपलब्ध गराउने | १ लाख |
| प्रदेश प्वाइन्ट अनलाइन | | १ लाख |

२२. बाटो मर्मत सम्बन्धमा ।

**निर्णय** :उक्त सम्बन्धमा छलफल गर्दा १ नं वडा कार्यालयबाट सिफारिश भए बमोजिम बेमौसमी बर्षाबाट बिग्रिएको बाटो मर्मत गर्दा लागेको खर्च भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई निर्देशन गर्ने ।